

**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन ४ गते आइतबार ❑ 20 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## पोखरामा गर्मी बढेसँगै स्विमिङ पुलदेखि वाटर पार्कमा भीड

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखरामा पछिल्लो समय गर्मी बढेसँगै गर्मी छल्न बालबालिका देखि युवा-युवतीसम्म स्विमिङ पुल, खोला, ताल तथा वाटर स्पोर्ट्स पार्कहरूमा भीडभाड बढेको छ।

पोखरामा गर्मी छल्न बालबालिकादेखि युवाहरु नजिकको खोलामा रहेका पौडी पोखरी, स्विमिङ पुल, वाटर पार्कमा पौडी खेल्नेहरुको शनिबार पनि दिन भरजसो भिडभाड भएको थियो। शनिबार पोखराको अधिकतम तापक्रम ३२ डिग्री सेल्सियससम्म पुगेको थियो। यद्यपी साँझ पख भने पोखरामा पानी परेर सितलको अनुभव भएको हो । यसैक्रममा पोखरा-१७ सितापाइलामा अवस्थित फिस्टेल ड्रिम पार्कमा शनिबार मात्र २ हजार भन्दा बढी आगन्तुक पुगेको पार्कका



सञ्चालक तथा युवा व्यवसायी कमल बस्नेतले बताउनु भयो।

४ वर्षअघि संचालनमा आएको यस पार्कमा ११ थरीका पानीका खेलहरू छन्। प्रवेश शुल्क १०० रुपैयाँ रहेको छ भने सबै खेल सहितको प्याकेज १,००० रुपैयाँ, र बालबालिकाको लागि ३ सयदेखि ५ सय रुपैयाँसम्मको शुल्क निर्धारण गरिएको छ। साथै ड्राइ पार्कको शुल्क १ सयदेखि २५० रुपैयाँसम्म छ। सञ्चालक बस्नेतका अनुसार हरेक वर्ष आगन्तुकहरूको सँख्या बढ्दो क्रममा छ। ७० रोपनी क्षेत्रफलमा फैलिएको पार्कमा हालसम्म ४५ करोड रुपैयाँ लगानी भइसकेको छ र आगामी चरणमा ५५ करोड थप लगानी गरी पाँच तारे होटल सञ्चालनमा ल्याउने योजना छ। यो योजना अन्तर्गत एक अर्ब रुपैयाँको परियोजना अघि बढाइने भएको बस्नेतले जनाउनु भयो।

पार्कका संचालक बस्नेतले भन्नुभयो "पोखरामा यस किसिमको स्तरिय पार्क पहिले थिएन, यो हाम्रो नेपालमै ठुलो हो, यहाँ व्यक्ति वा परिवारले दिनभरि रमाइलो गर्न सक्ने व्यवस्था गरिएको छ।" पार्कमा इन्डोर गेम, ड्राइ पार्क, वेड पार्क, सोफा स्लाइड, लेजी रिभर, फ्रि फल, ट्रोनाडो बावल, वेभ पुल, रेल लगायतका आकर्षण रहेको बस्नेतले बताउनु भयो।

पार्कमा पानीका खेल मात्र नभई पानी नचाहिने ड्राइ गेमहरू पनि रहेका छन्, जसले हरेक मौसममा पर्यटकलाई आकर्षित गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। पार्कमा ५ हजार जना एकैपटक रमाउन सक्ने क्षमता रहेको छ। पार्क पोखराको पुरानो विमानस्थलबाट ४ किलोमिटर र पृथ्वीचोकबाट ५ किलोमिटरको दूरीमा पर्छ। आफुहरुले सेप्टी देखि आवश्यक सुरक्षाको प्रबन्ध गरेको बस्नेतले जनाउनु भयो।

## पोखरामा चिनियाँ तस्बिर प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

चीनको पश्चिमी प्रान्त सिछुवानको गान्जी तिब्बती स्वायत्त जिल्लाको सौन्दर्य पोखरामा हेर्न पाइने भएको छ।

गान्जी उच्च स्थानस्थित उपत्यका, हिउँले ढाकिएका पर्वत, ठूला घाँसे मैदान र घना जङ्गलका कारण प्रसिद्ध छ।

गान्जी तिब्बतीयन अटोनोमस प्रिफेक्चर माउण्उटेन टुरिजम प्रमोसन प्वाइन्ट कार्यक्रमअन्तर्गत त्यहाँका तस्बिरहरूको गत बिहीबारदेखि यहाँस्थित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा प्रदर्शनी भइरहेको छ। सङ्ग्रहालयकी कार्यकारी निर्देशक निर्मलाकुमारी न्यौपानेका अनुसार चीनको नेपाल नेसनल पभेलियनको सहयोगमा गान्जीका २६ वटा तस्बिर समावेश छन्। गान्जीका तस्बिरको प्रदर्शनी छ महिनासम्म रहने छ।

## कास्की काँग्रेसमा प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

नेपाली काँग्रेस प्रशिक्षण शाखा कास्कीले शनिवार पोखरामा प्रशिक्षण कार्यक्रम गरेको छ।

नेपाली काँग्रेस र शुभेच्छुक संस्थाहरुको अन्तर सम्बन्ध तथा राष्ट्रियता र परराष्ट्र मामिलामा वीपी कोइराला विषयक प्रशिक्षणमा एक सय भन्दा बढीको सहभागिता रहेको कास्की काँग्रेसका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो। कार्यक्रममा प्रशिक्षण शाखाका सल्लाहकार डा. भिमनाथ बराल र सदस्य कपिलमणी दाहालले सहजिकरण गर्नुभएको थियो। नेपाली काँग्रेस प्रशिक्षण शाखा कास्कीका संयोजक युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सदस्य पशुपति शर्मा भट्टराइले गर्नुभएको थियो।

## गुरुङ ब्युटिपार्लर एण्ड एकेडेमीको मेहेन्दी मेला

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखरा न्युरोडमा रहेको गुरुङ ब्युटिपार्लर एण्ड एकेडेमीमा शनिबार सम्पन्न भएको मेहेन्दी मेलामा १ हजार भन्दा बढी जनाले मेहेन्दी लगाउनु भएको छ।

गत असार ३२ गतेदेखि संचालन भएको मेहेन्दी मेला आज समापन भएको हो। मेहेन्दी मेलामा स्वदेशी तथा विदेशी सहित एक हजार भन्दा बढीले मेहेन्दी लगाउनु भएको एकेडेमी सञ्चालक एवं सौन्दर्यविद चिनु गुरुङले बताउनु भयो। एकेडेमीका प्रशिक्षार्थीको सिप विकाससँगै मेहेन्दीलाई उद्यमशीलतासँग जोड्नका लागि उक्त मेला यस बर्ष पनि आयोजना गरिएको उहाँले जनाउनु भयो। यसैबिच, उक्त मेलाको उद्घाटन गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल वस्यालले गर्नु भएको थियो। कार्यक्रममा बोल्दै उहाँले सौन्दर्यलाई व्यवसायिकसंग जोडेर हेर्नुपर्नेमा जोड दिनुभयो। श्रावणमा तिउरी लगाउने परम्परा विस्तारै मेहेन्दीमा परिणत भएको उहाँले जनाउनु भयो। पछिल्लो समयमा थरीथरी डिजाईनका मेहेन्दी लगाउने आकर्षण बढेकोले यसैलाई मध्यनजर गरेर मेला आयोजना गरिएको सञ्चालक एवं सौन्दर्यविद गुरुङले जनाउनु भयो।

यसैबिच, एकेडेमीको परिसर (पोखरा न्यूरोड) मा आइतबार बिहान खुल्ला रक्तदान कार्यक्रम हुने भएको छ। लायन्स क्लब अफ पोखरा ब्युटिसिटी र लायन्स क्लब अफ जीबीपीको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम गर्न लागिएको हो। रक्तदान कार्यक्रम गुरुङ ब्युटिपार्लरको प्राङ्गणमा बिहान ८ बजेदेखि सुरु हुने जनाईएको छ।

## कला, साहित्य, प्रकृति, संस्कृतिको प्रवर्द्धन र संरक्षण गर्नु हामी सबैको दायित्व: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले गण्डकी प्रदेश कला, साहित्य, संगीत र लोकसंस्कृतिमा सम्पन्न रहेको बताउनुभएको छ।

पोखरा थियटरले नेपाली साहित्यका वरिष्ठ श्रष्टा, कवि तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठका सम्मानमा आयोजना गरेको विशेष काव्य-सांस्कृतिक कार्यक्रम 'हिउँमा नलेखिएका तीर्थ- पाँच आयामका साथ' मा प्रमुख अतिथि भट्टले कला, साहित्य, प्रकृति र संस्कृतिको प्रवर्द्धन एवं संरक्षण गर्नु हामी सबैको दायित्व रहेको उल्लेख गर्नुभयो।

'आदिकवि भानुभक्त आचार्य, कवि शिरोमणि लेखनाथ पौड्याल, जनकविकेशरी धर्मराज थापा, लोककवि अलिमियाँ, लोकसंगीतका शिखर व्यक्तित्व



झलकमान गन्धर्वदेखि हालका सरुभक्त, तीर्थ श्रेष्ठ, हरिदेवी कोइराला लगायतको भूमि गण्डक क्षेत्र हो।' उहाँले भन्नुभयो - 'यस भेगमा सिर्जित अपार सांस्कृतिक ज्ञानपरम्परा र वैभवले यस क्षेत्रको चेतनालाई सदैव उँचो राख्दै आएको छ। हाम्रा मौलिक तथा रैथाने संस्कृति, कला-साहित्य, रीतिरिवाज हाम्रा अमूल्य सम्पदा हुन्।' यस भूमिलाई जीवन्त र सांस्कृतिक दृष्टिले समृद्ध बनाउने अभियानमा संस्थागत तथा व्यक्तिगत तर्फबाट पनि विभिन्न प्रयासहरु भएको पाएको बताउँदै उहाँले गण्डकीको राजधानी पोखरा शहरलाई कला र संस्कृतिको मञ्च बनाउन पोखरा थियटरले निरन्तर कर्म गरिरहेकोमा खुशी व्यक्त गर्नुभयो।

यहाँ नाटक, संगीत, नृत्य, कवि गोष्ठी लगायत विभिन्न सांस्कृतिक गतिविधिहरू सञ्चालन हुँदै आएकाले पोखरामा सांस्कृतिक उत्सवहरूको वातावरण निर्माणमा यहाँका कलाकारहरूको सिर्जनात्मकता र व्यावसायिकता विकास गर्न यसले महत्वपूर्ण भूमिका खेलेको उहाँको भनाई छ। कवि एवं साहित्यकार तीर्थ श्रेष्ठमा समर्पण गरी उहाँकै सम्मुख 'हिउँमा नलेखिएका तीर्थ – पाँच आयामका साथ' आयोजित यस कार्यक्रमले स्रष्टालाई हौसला प्रदानसँगै सबै कलाकार तथा सर्जकलाई सम्मान अर्पण गरेको भट्टले उल्लेख गर्नुभयो।

पोखरा थियटरका प्रमुख कार्यकारी अधिकृत मोतीबहादुर कार्की (परिवर्तन)को अध्यक्षतामा भएको कार्यक्रममा कवि तीर्थ श्रेष्ठका कविता, गजल, मुक्तक, गीत र नाटक गरी पाँच विधामा उहाँका सिर्जनाहरू वाचन तथा मञ्चन गरिएको थियो।

## श्रीकृष्ण प्रणामी मन्दिरमा श्रीमदवीतक चर्चासँगै सुगर र मुटुरोगको नि:शुल्क परिक्षण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखराको रत्चोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन जारी रहेको छ।

श्रीमदवीतकको पाँचौ दिन सम्म आइपुग्दा भक्तजनहरुको उपस्थिती बढ्दै गएको छ। श्रीमदवीतकको छैठौं दिन सोमबार श्रीकृष्ण प्रणामी मन्दिर परिसरमा नि:शुल्क स्वास्थ्य जाँचको आयोजना हुने भएको छ। महिला बिकासका लागि समाजको आयोजना र पोखरा महानगरको सहयोगमा शिविरमा विशेष गरी सुगर र मुटु सम्बन्धि परिक्षण गरिने श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल श्रीकृष्ण प्रणामी मन्दिर पोखराका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए। श्रीमदवीतकको पाँचौ दिन




सम्म आइपुग्दा कथा श्रवण गर्न विभिन्न विशिष्ट ब्याक्तिहरुले उपस्थिती जनाउदै आएका छन्। आइतबार श्रीमदवीतक चर्चामा श्रीकृष्ण प्रणामी मन्दिर पुगेका गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र पोखराका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक जनार्दन जिसीले नैतिक शिक्षाको कमी भइरहदा धार्मिक सत्संग कार्यक्रमले नैतिक शिक्षा प्रदान गर्नमा मदत पुगेको बताउदै सत्संगले जीवन बुझ्न सहयोग पुग्ने बताए। सत्संगले गलत बाटोमा लागेका तथा बाटो बिराएका हरुलाई समेत सत्मार्गमा लाग्न अभिप्रेरित गर्ने उनको भनाइ रहेको थियो।

बृन्दाबन धाम पोखरा २७ डाँडानाकका प्रमुख विष्णु वशिष्ठ महाराजले कृष्ण प्रणामी मन्दिर पोखरा रत्नचोकमा सञ्चालन भएको श्रीमदवीतक चर्चा तथा श्रीकृष्ण कथा प्रवचनमा सहभागी हुन सम्पूर्णलाई आग्रह गरे। कुनैपनि धार्मिक स्थलमा आयोजना हुने सत्संगमा बिना निमन्त्रण पनि गएर सत्संग सुनेमा सुख शान्ति र समृद्धि छाउने बताए। भोक र तिर्खामा खाना र पानी पिउदा जतिको आनन्द हुन्छ सत्संगमा पुगेर कथा सुन्दा त्यति आनन्द र शरिरमा शुद्धता छाउने उनको भनाइ रहेको थियो।

श्रीमदवीतक चर्चाकै बिचमा आयोजना हुने निशुल्क स्वास्थ्य शिविरमा सहभागी भइ जो कोहीले पनि लाभ लिन सकिने सचिव लक्ष्मण बरालले बताए। बरालका अनुसार प्रत्येक दिन श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारिका साध्वी उर्वशी माताजीको मुखारविन्दुबाट संगीतमय कथा प्रवचन भइरहेको छभने सोमबार पोखरा पोखरा महानगरपालिका वडा नं ८ का अध्यक्ष रुद्रनाथ बरालको उपस्थिती रहने छ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा–मुग्लिन सडकको पश्चिम खण्डमा ११ पुल बने, दुई निर्माणाधीन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने)मा ११ पुल बनिसकेका छन् भने दुई पुल निर्माणाधीन छन् । तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सकिएको हो ।

आयोजनाको पश्चिम खण्डका प्रमुख कृष्णबहादुर कुँवरका अनुसार सडक ठेक्काअन्तर्गत कास्कीको विजयपुर र पुल ठेक्काअन्तर्गत सेती पुल निर्माणको चरणमा छ । विजयपुर खोला पुलको भौतिक प्रगति ६० प्रतिशत पुगेको छ भने सेती पुलको भौतिक प्रगति ४८ प्रतिशत पुगेको उहाँले जानकारी दिनुभयो । विजयपुर पुल बन्न अझै पाँचदेखि छ महिनासम्म लाग्ने प्रमुख कुँवरले बताउनुभयो ।

आगामी भदौमा तीनवर्षे ठेक्का अवधि सकिन लागेको सेती पुलको भौतिक प्रगति पनि न्यून देखिएको छ । विसं २०७९ साउनमा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो । पुलको डिजाइन स्वीकृतदेखि मापदण्डभित्रका संरचना हटाउनेसम्मका काममा ढिलाइ भएकाले पुल समयमै बन्न नसकेको प्रमुख कुँवरले बताउनुभयो। केबल-स्टेड प्रविधिको उक्त पुलमा सब-स्ट्रक्चरको काम सकिएको र अहिले डाउनस्ट्रिम पुलमा सुपर-स्ट्रक्चरको काम भइरहेको उहाँको भनाइ छ । आकर्षक डिजाइनमा बन्ने उक्त सिग्नेचर पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम छिटो हुने निर्माण कम्पनीले जनाएको छ । छ लेनको उक्त सडकमा अहिले रहेको चाइना पुलको तल र माथि गरी आकर्षक बनावटका दुई वटा सिग्नेचर पुल बन्ने भएका हुन् ।

एसियाली विकास बैंकको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो । भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा पुल निर्माणको काम भइरहेको हो । पुलमा कङ्क्रिट र फलामको प्रयोग गरिएको छ। पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो । पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पश्चिम खण्डमा पोखराको सेती र पूर्वी खण्डतर्फ तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माण भइरहेको हो ।

पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक २०७८ साल वैशाखदेखि विस्तार तथा स्तरोन्नति सुरु गरिएको थियो । निर्माणमा कुनै अवरोध नआएमा आगामी हिउँदसम्ममा सडक स्तरोन्नतिको काम सकिने आयोजना कार्यालयले जनाएको छ । गण्डकी प्रदेशको लाइफलाइनका रुपमा रहेको उक्त सडकको पूर्वी खण्ड (जामुने-मुग्लिन)मा हालसम्म भौतिक प्रगति ८६ प्रतिशत र पश्चिम खण्ड (पोखरा-जामुने)मा ५५ दशमलव १० प्रतिशत पुगेको छ। कुल ४१ दशमलव ४५ किमी दूरीको पूर्वी खण्डमा कालोपत्रको काम सकिए पनि सडक मार्किङ, सौन्दर्यीकरणलगायत काम बाँकी रहेको जनाइएको छ । पूर्वी खण्डमा तेस्रोपटक थपिएको म्याद गत असार २९ मा सकिएपछि पुनःम्याद थपको प्रक्रिया अगाडि बढाइएको आयोजना कार्यालयले जनाएको छ। कूल ३८ दशमलव ८८ किमी दूरीको पश्चिम खण्डमा हालसम्म ३६ दशमलव ५ किमी एकतर्फी (दुई लेन) सडकमा पहिलो तहको कालोपत्र भइसकेको प्रमुख कुँवरले बताउनुभयो । "२६ दशमलव ३८ किमी दूरीमा दुईतर्फी (चार लेन) नै कालोपत्र भइसकेको छ", उहाँले भन्नुभयो, "एक सय पाँच वटा कल्भर्टमध्ये १०३ वटा निर्माण भइसकेका छन् ।" पश्चिम खण्डको ठेक्का म्याद आगामी पुस १६ गते सकिने प्रमुख कुँवरले बताउनुभयो ।

# व्यावसायिक काँक्रोखेतीमा रमाउँदै पौडेल दाजुभाइ

**पोखरापत्र संवाददाता**
वालिङ, ३ साउन



यहाँका दुई दाजुभाइले व्यावसायिक रूपमा काँक्रोखेती थाल्नुभएको छ । स्याङ्जाको आँधीखोला गाउँपालिका-६ टिकाजा घर भई पोखरा बस्दै आउनुभएका सन्तोष पौडेल र दीपेन्द्र पौडेलले फेदीखोला गाउँपालिका-४ ठूलाखेतमा व्यावसायिक रूपमा काँक्रोखेती सुरू गर्नुभएको हो ।

ठूलाखेतमा नौ रोपनी जग्गा भाडामा लिएर आफूहरूले व्यवसाय थालेको व्यवसायी सन्तोष पौडेलले बताउनुभयो । कृषिबाटै राम्रो आम्दानी गर्न सकिने देखेपछि संस्थागत विद्यालयमा माध्यमिक तहको शिक्षकको जागीरलाई चटक्कै छाडेर सन्तोष व्यावसायिक रूपमा कृषिखेतीमा होमिनुभएको हो । "यसपटक नौ रोपनी जमिन सबैमा काँक्रोमात्रै लगाएका छौँ", उहाँले भन्नुभयो, "काँक्रोको उत्पादन लिन सुरू गरेका छौँ ।" यहाँ उत्पादन भएको काँक्रो अहिले स्थानीय बजार तथा सिद्धार्थ राजमार्गको छेउछाउका पसलबाट सहजै बिक्री हुने गरेको छ । यहाँ उत्पादन भएको काक्रो खरिदका लागि स्थानीय व्यापारीहरू खेतमै आएर लैजाने गरेका छन् । स्थानीय बजारमा उत्पादित काक्रो बिक्री भइरहेकाले अन्यत्र लैजान नपरेको उहाँले बताउनुभयो ।

"जमिनमा जुनसुकै बाली/सागसब्जी लगाए पनि एक पटकमा एउटै मात्र लगाउँछौँ", उहाँले भन्नुभयो, "एउटामा बालीमा भएको रोग अर्कोमा नसर्ने र एकैपटक एउटै मात्र उत्पादन लिँदा परिमाण धैरै हुने र बजार मूल्य पनि राम्रो पाइने भएकाले एक पटक, एउटा बाली अभियानअनुसार अगाडि बढ्छौँ ।" यहाँ अहिले कर्मा, किङसार र स्टारविजजस्ता तीन वटा हाइब्रिड जातका काक्रो लगाइएको छ । यसपटक लगाएको काक्रोको उत्पादन लिइसकेपछि दोस्रो चरणमा सबै जमिनमा अर्को बाली लगाउने र वर्षौंभरि जमिन खाली नराख्ने योजनामा रहेको उहाँले बताउनुभयो । अरु बेला दुई दाजुभाइले सँगसँगै काम गर्ने र आवश्यक पर्दा कामदार लगाउने गर्नुभएको छ। काक्रो लगाउनका लागि हालसम्म मलखाद, मल्चिङ प्लास्टिक, तार, जाली, कामदार ज्याला, औषधि उपचार, उपकरणलगायतमा रु दुई लाख खर्च भएको उहाँले बताउनुभयो । "ठूलो परिमाणमा व्यावसायिक काक्रोखेती गरिएकाले १०० दिनमा ३० टन काक्रो उत्पादन गरी बिक्री गर्ने लक्ष्य रहेको छ", उहाँले भन्नुभयो, "बजार भाउ यकिन हुँदैन अहिले प्रतिकेजी रु ६०-७५ का दरले बिक्री भइरहेको छ, मूल्य स्थिर नभई घटबढ हुनसक्छ ।" सोही ठाउँमा तीन हजार कुखुरापालनका लागि आधुनिक फर्म निर्माण कार्य भइरहेको छ । अब छिट्टै व्यावसायिक सागसब्जीसँगै व्यावसायिक कुखुरापालनलाई पनि अगाडि बढाउने तयारी भइरहेको उहाँले बताउनुभयो । "कृषिलाई प्रविधिसँग जोड्न सकिएन भने लागत बढ्न जाने भएकाले लागत कम गर्नका लागि एकदमै सचेत भएर प्रविधिको प्रयोगमा जोड दिएर अगाडि बढेका छौँ", उहाँले भन्नुभयो, "आफूहरूले थालेको कृषि कर्मप्रति निक्कै सन्तुष्टि मिलेको छ, कृषि पेसामा रमाइरहेका छौँ, भोलिका दिनमा पनि रमाएरै लाग्छौँ ।" प्रेरणादायी युवा उद्यमशीलता देख्दा हर्ष लागेको फेदीखोला गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो । "फेदीखोला गाउँपालिकाले न्यूनतम समर्थन मूल्यको व्यवस्थापन गर्दै उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँछ", उहाँले भन्नुभयो, "आवश्यक प्राविधिक सहयोगमार्फत यस्ता व्यावसायिक प्रयासलाई साथ दिन पालिका कटिबद्ध छ, उत्पादनमूलक अर्थतन्त्रतर्फको यात्रामा हामीसँगै छौँ ।"

# एगा पोखराको २२ औं साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

इम्ब्रोइडरी एण्ड गार्मेन्ट एसोसिएसन (एगा) पोखराको २२औँ साधारणसभा एक समारोहका बीच आज सम्पन्न भएको छ । साधारणसभाको नेपाल पर्यटन बोर्डका बोर्ड सदस्य ऋषि भण्डारीले उद्घाटन गर्नुभयो ।



कार्यक्रममा भण्डारीले राज्यका निकायले राम्रोसँग ध्यान नदिँदा पर्यटन क्षेत्रमा निराशा छाएको बताउनुभयो । मुलुकमा बनेका संरचनाले १५ लाख भन्दा बढी पर्यटन धान्ने सक्ने अवस्था नरहेको भन्दै उहाँले वर्षमा १०/१२ लाख पर्यटकको मात्रै लक्ष्य राखेर मुलुकको पर्यटन अघि बढ्न नसक्ने जिकिर गर्नुभयो । बैंक तथा वित्तीय संस्थाको अधिकांश लगानी पर्यटन क्षेत्रमै भएकोले अझै पनि ध्यान नदिने हो भने अबको केही वर्षमा पर्यटन क्षेत्र डुब्ने र यसको प्रत्यक्ष असर राज्यलाई नै पर्ने उहाँको भनाइ छ । पोखराको पर्यटन विकासका लागि एगासँग सहकार्य गरेर अघि बढ्न आफू तयार रहेको उहाँले प्रतिवद्धता व्यक्त गर्नुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख मणिराज लामिछानेले आ.व.२०८१/०८२ मा एगासँग सहकार्य गरेर विभिन्न कार्यक्रम गरिएको बताउँदै आगामी दिनमा पनि सहकार्य गरेर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले कुनै पनि संस्था आँफैमा सानो वा ठूलो नहुने बताउँदै सो संस्थाले गर्ने कामका आधारमा त्यसको स्थान निर्धारण हुने बताउनुभयो । परिषद्मा आवद्ध संस्थाबीच समन्वय गरेर पर्यटन क्षेत्रमा व्यवस्थापन सुधार्ने र व्यवसायी र राज्यबीच पुलको भूमिका निर्वाह गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालले पर्यटन प्रवर्द्धनमा एगाले महत्वपूर्ण भूमिका खेलेको बताउँदै सबैको साथ र सहयोगबाटै संस्थालाई माथि उठाउन प्रयास गरिएको बताउनुभयो । संस्था स्थापना दुई दशकदेखि भए पनि नेपालको पर्यटकीय प्रचारप्रसारमा एगाको भूमिका तीन दशकदेखि नै भएको उहाँले स्पष्ट पार्नुभयो ।

सदस्यहरूको क्षमता अभिबृद्धि समेतको उद्देश्य राख्दै एगाका सदस्यहरूले यही साउन १० गतेदेखि इन्डोनेशिया र भियतनाम लगायतका स्थानको भ्रमणसँगै त्यहाँका गार्मेन्ट उद्योगहरूको भ्रमण गर्ने भएको उहाँले जानकारी दिनुभयो । एगाका निवर्तमान अध्यक्ष ईन्द्रप्रसाद भण्डारीले पोखरालाई हरेक तवरले पर्यटनसँग जोड्नुपर्ने भन्दै यसतर्फ राज्यका निकायले विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो । पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष एवम् पोखरा भ्रमण वर्ष कार्यसम्पादन समिति संयोजक गोपीबहादुर भट्टराईले पर्यटन प्रवर्द्धनका लागि नारा मात्र नभै दीर्घकालीन योजना आवश्यक रहेको बताउनुभयो । एगाका सल्लाहकार एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जीवि पोखरेलले सबै एकै ठाउँमा बसेर पर्यटन क्षेत्रका समस्या बारे छलफल गर्दै समाधानमा जोड दिनुपर्ने बताए। कालीगण्डकी करिडोरले पोखरामा पर्यटक आगमन शून्य हुन सक्नेतर्फ सचेत गराउँदै उहाँले यसतर्फ बेलैमा ध्यान दिन आवश्यक रहेको धारणा राख्नुभयो । एगा पोखराका अध्यक्ष गोकर्ण लम्सालको अध्यक्षता एवम् सचिव माया सुवेदीले सञ्चालन गर्नुभएको कार्याक्रममा स्वागत उपाध्यक्ष गीता ढकाल पौडेलले गर्नुभएको थियो । सचिव सुवेदीले संस्थाको वार्षिक प्रतिवेदन पेश गर्नुभएको थियो । कार्यक्रममा टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्य, पर्यटन विज्ञ दीपेन्द्र पहारी, संस्थाका सद्भाव सदस्य गोविन्दप्रसाद अधिकारी, रासस गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेल लगायतले विभिन्न सामाग्रीका माध्यमबाट एगाले नेपालको पर्यटनलाई विश्वमाझ चिनाउन महत्वपूर्ण योगदान गरेको धारणा राख्नुभयो । कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष ईन्द्रप्रसाद भण्डारी, उत्कृष्ट पसल सजावट गर्ने व्यवसायी रामहरि भट्ट, विभिन्न कार्यक्रमका संयोजकहरू रमेश सुवेदी, माया सुवेदी, सुशिल ढकाल, गीता ढकाल लगायतलाई सम्मान गरिएको थियो ।

# पोखरामा तीन दिने सीप मूलक मेहेन्दी तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

लायन्स क्लब अफ पोखरा अम्मर बुद्धको आयोजनामा तथा एच कोरियन ब्युटी सैलुनको सहकार्यमा तीन दिने सीपमूलक मेहेन्दी तालिम पोखरा-१०, अमर सिंह चोकमा सम्पन्न भएको छ ।

शुक्रबार सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि आईपिडिजी लायन विनोद ढुङ्गाना तथा विशेष अतिथि सेकेण्ड भिडिजि लायन शैलेन्द्र मोहन भट्टराईले सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । समारोहमा डिस्ट्रिक्ट चिफ एडि्मनिस्ट्रेटर लायन शान्तादेवी थापा, डिस्ट्रिक्ट कोअर्डिनेटर लायन विष्णु श्रेष्ठ, डिस्ट्रिक्ट पिआरओ लायन सरिता कार्की, रिजन चियरपर्सन लायन बद्रिका ढुङ्गाना, निवर्तमान अध्यक्ष लायन मञ्जु कार्की, पूर्व अध्यक्ष लायन डा.दुर्गा काफ्ले, सचिव लायन हिमानी गुरुङ, कोषाध्यक्ष लायन जमुना गुरुङ, जननी क्लबकी पूर्व अध्यक्ष लायन शान्ति बराल लगायतको सहभागिता रहेको थियो ।

लायन इन्दिरा पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा अतिथि, सहयोगी संस्था र सहभागीलाई अध्यक्ष पौडेलले धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्नु भयो ।

# शिब केसी जनकल्याण समितिको अध्यक्षमा चयन

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखरा १३ स्थित जनकल्याण समितिको ३४ औं साधारण सभा तथा १४ औं अधिवेशन सम्पन्न भएको छ ।



अधिवेशनबाट शिब बहादुर केसीको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्य समिति चयन गरिएको छ। समितिको प्रथम उपाध्यक्षमा कृष्ण राज गौतम, द्वितीय उपाध्यक्षमा खेम भट्टराई, महासचिवमा शान्ति देवी केसी, सचिवमा सोमनाथ आचार्य, कोषाध्यक्षमा लेख बहादुर थापा चयन हुनु भएको हो । त्यस्तै अन्य सदस्यहरुमा ईन्दा कुमारी शाही, मदनराज गौतम, पदम बहादुर कार्की, पार्वती गौतम, मौया बराल, नारायण पौडेल र शिब कार्की चयन हुनुभएको हो । महिला विकास उपसमितिको संयोजकमा रमा कार्की चयन हुनु भयोभने अन्य सदस्यहरू महिलाहरूको भेलाबाट चयन गरिने भएको छ। कार्यक्रमको उद्घाटन ज्येष्ठ सदस्य वसुन्धरा गौतमले पानसमा दियो बालेर गर्नुभएको थियो । कार्यक्रममा सुनडाँडा टोल विकास संस्थाका अध्यक्ष भम्भु बराल, वडा नम्बर १३ का जनप्रतिनिधि बलबहादुर बराल र सल्लाहकार कृष्ण केसीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । आर्थिक सहयोग पुर्‍याउने व्यक्तिहरूमध्ये काहुखोला महिला सहकारीकी रमा कार्की र गिता बराललाई सम्मान गरिएको थियो ।

समितिका अध्यक्ष देवराज बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रथम उपाध्यक्ष बिष्णु कार्की, द्वितीय उपाध्यक्ष शिब केसी, सचिव बिनोदराज आचार्य लगायतले वोल्नु भएको थियो । निर्वाचन सहजिकरण समितिको संयोजन माधव आचार्यले गर्नुभएको थियो। युवराज त्रिपाठी, कुमार केसी र रमा कार्कीले सहजिकरणमा साथ दिनुभएको समितिले जनाएको छ ।


## डेंगीबाट बचौं र बचाऔं ।

**लक्षण:**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:**

- लामखुट्टेबाट बच्न पूरे शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं.
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं.
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो ।"

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# हट्यो एमालेको कठोर निर्णय

नेकपा एमालेको पोलिटब्युरो बैठकले ७० वर्षे उमेर हद र दुई कार्यकालको प्राब्धान हटाउने विधान संशोधन प्रस्ताव पारित गरेको छ । ललितपुर च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा शुक्रबार र शनिबार बसेको पोलिटब्युरो बैठकले सामान्य सुझावलाई समावेश गरेर विधान संशोधन प्रस्ताव पारित गरेको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिएका छन ।

पार्टीभित्र दुई सदस्यताको व्यवस्था गर्ने र उमेरहदको व्यवस्था खारेज गर्ने निर्णय भएको उनले जानकारी दिए । उनले भने, 'विधान संशोधनसम्बन्धी प्रस्तावलाई पोलिटब्यूरो बैठकले स्वीकार गरेको छ। सामान्य सुझावलाई समावेश गर्नेगरी पारित गरेको छ । त्यसभित्रका महत्त्वपूर्ण कुरा भनेको पार्टीभित्र दुई सदस्यताको व्यवस्था र उमेरहदको व्यवस्था खारेज गर्ने कुरा हो । त्यसलाई स्वीकार गर्दै बैठकद्वारा  ती निर्णय लिइएका छन । सचिवालय बैठकमा अध्यक्ष केपी शर्मा ओली र बरिस्ठ उपाध्यक्ष ईश्वर पोखेल बीच ७० वर्षको उमेर हद र दुई कार्यकाल मात्र रहने प्राबधान हटाउने विषयमा भनाभन भएको थियो ।

पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा जिम्मेवारी दिएर नेतृत्व  छोड्नुपर्ने बरिस्ठ उपाध्यक्ष पोखेलको प्रस्तावको अध्यक्ष ओलीले अस्वीकार गरेका थिए । पूर्व राष्ट्रपति दल राजनीतिमा आउन हुँदैन भन्ने प्रचलनलाई तोडेको र गुटबन्दीमा लागेको आरोप लाग्ने गरेको छ । विधान संशोधन प्रस्ताव सचिवालयमा जति लामो बहस  भएको थियो पोलिटब्युरोमा आउँदा निर्णयको पक्षमा र वर्तमान नेतृत्वको पक्षमा अधिकांशको मत जाहेर हुनु अध्यक्ष ओलीको नेतृत्वप्रतिको विश्वास हो। पोलिटब्युरोमा सचिवालयको छाप कम पर्नु पार्टीलाई एकताबद्ध बनाउन कार्यकर्ताको पङ्क्ति सजग छ भन्ने सन्देश हो ।

बैठकमा ६८ जना पोलिटब्युरो सदस्यले धारणा राखेको थिए । यस्तै, जिल्ला कमिटी कार्यकारी कमिटीकै रूपमा लैजाने विधानमा सहमति भएको छ। यसअघि बसेको एमाले सचिवालय बैठकले पार्टी अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलेको विधान संशोधन प्रतिवेदन र महासचिव शंकर पोखरेलको सांगठनिक प्रतिवेदनको प्रस्ताव पारित गरेको थियो ।

एमालेको केन्द्रमा तीनवटा संरचना हुने प्रस्ताव गरिएको छ। सचिवालय बैठकले सचिवालयको व्यवस्था हटाउने भएको छ। स्थायी कमिटी, पोलिटब्युरो र केन्द्रीय कमिटी गरी तीन तह मात्रै राख्ने भएको छ । राष्ट्रिय महाधिवेशनले अध्यक्ष, उपाध्यक्ष ३, महासचिव, उपमहासचिव ३, सचिव ७ समेत केन्द्रीय कमिटीको संख्या २ सय ५१ मा झार्ने भएको छ । वरिष्ठ उपाध्यक्ष पद हटाइएको छ ।

वरिष्ठ उपाध्यक्षको सट्टा पहिलो वरीयताको उपाध्यक्ष बन्ने उल्लेख गरिएको छ । पदाधिकारी १५ सदस्यीय बनाउने निर्णय पनि गरेको छ । हाल केन्द्रीय कमिटी ३०१ सदस्यीय छ भने पदाधिकारीको संख्या १९ छ । प्रदेश कमिटीका अध्यक्षहरू केन्द्रीय कमिटीका पदेन सदस्य हुनेछन् । केन्द्रीय कमिटीको निवर्तमान अध्यक्ष स्वतः वरिष्ठ नेता हुने वा अनिर्वाचित व्यक्ति कार्यकारी कमिटीको दोस्रो वरीयताका पदाधिकारी हुने लोकतान्त्रिक प्रणालीको मर्मविपरीत हुने भन्दै हटाइएको छ । पोलिटब्युरोबाट पारित प्रस्ताव साउन ५ गते बस्ने केन्द्रीय कमिटी बैठकमा प्रस्तुत हुनेछ । एमालेको दोस्रो विधान महाधिवेशन आगामी भदौ २०, २१ र २२ ललितपुरको गोदावरीमा हुँदैछ । कमिटी बाहिरबाट नेतृत्वको दावी गर्न सकिन्छ । तर कमिटीले के निर्णय लिन्छ त्यो नहेरी नेतृत्वको चर्चा चलाउनु वस्तुगत अवस्था नबुझ्नु हो । एमालेले लिने निर्णय दुरगामी  महत्वको हुनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : आर्थिक समस्या | धनु | : मानसिक तनाब |
| कर्कट | : कार्यमा सफलता | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बेनीद्वारा ३२९ योजना सम्पन्न

पोखरापत्र संवाददाता
म्याग्दी, ३ साउन

बेनी नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा ३२९ योजना सम्पन्न गरेको छ ।

सडक निर्माण, स्तरोन्नति, सामुदायिक, विद्यालय, स्वास्थ्य संस्थाको भवन, सिँचाइ, खानेपानी, पदमार्ग, ढल ब्यवस्थापन, खेलमैदान, अर्याघाट, यात्रु प्रतिक्षालय, घेराबार, पोखरी निर्माणलगायत पूर्वाधारसम्बन्धी ३३७ मध्य आठ वटा बाहेकका योजना सम्पन्न भएका हुन् ।

पूर्वाधार विकास शिर्षकमा लागि रु १३ करोड ४१ लाख ९० हजार बिनियोजन भएकोमा ८६ दशमलब ६९ प्रतिशत अथवा रु ११ करोड ५७ लाख १३ हजार खर्च भएको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो ।

बाइस किलोमिटर सडक स्तरोन्नति, दुई किलोमिटर सत्र मिटर सडक ढलान, एक किलोमिटर ३३७ मिटर कालोपत्र, तीन किलोमिटर २० मिटर ग्रावेल, दुई किलोमिटर ९०५ मिटर नयाँ ट्याक खोलिए, पाँच किलोमिटर ९०६ मिटर पदमार्ग निर्माण र १०० मिटरमा ढुङ्गा छापिएको छ । एक हजार ३११ मिटर नाली, ९०३ मिटर ढल र २० वटा खानेपानीको टङ्की निर्माण, दुई वटा पोखरी, दुई वटा विद्यालय भवन, एक वटा स्वास्थ्य संस्था, पाँच वटा यात्रु प्रतिक्षालय, १४ वटा सामुदायिक भवन, १० वटा विद्यालय भवन, छ वटा मठमन्दिर, सात वटा वडा कार्यालय मर्मत, नौ वटा खेलमैदान, एक वटा शवदाह स्थल र १३ वटा विपन्न नागरिकको आवास निर्माण भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

नगरस्तरीय ३० वटा योजनामध्य १२ वटा ठेक्कामार्फत कार्यान्वयन भएको छ । वडास्तरीय ३१६ मध्यनगर गौरवको मानिएको लभ्लिहिल साहासिक पिङ, बेनीको शान्ति पार्कसहित सात वटा योजना कार्यान्वयन भएनन् । वडा नं-३, ४, ६, ९ र १० ले सतप्रतिशत योजना कार्यान्वयन गरेका छन् । १ मा तीन, २, ५,७ र ८ नम्बर वडामा एक/एक वटा योजना कार्यान्वयन नभएका हुन् ।  प्रधानमन्त्री रोजगारका २१ मध्य २० वटा योजना कार्यान्वयन भएका छन् । सुचिकृत ९९६ जनामध्य ७१ जनालाई न्युनतम १०० दिनको रोजगारी पाएका छन् । उनिहरुले एक हजार २०० मिटर सडकमा ढुङ्गा बिछ्याएर सोलिङ्ग र एक हजार २६० मिटर पदमार्ग निर्माण गरेका छन् ।

ठेक्कामार्फत कार्यान्वयन गरेका बेनी-लभ्लीहिल-ज्यामरुककोट सडक स्तरोन्नति, महारानीथान-छाप-डाडाखेत, बेनी-अर्थुङ्गे-तोरीपानी-पात्लेखेत सडकको पहिलो र दोस्रो प्याकेज, कालिपुल कृषि भवन, रत्नेचौर परम वैदिक सनातन धार्मिक आश्रम, गलेश्वर बजार सौन्दर्यकरण, पशु बधशाला, वडा नं-७ को कोठा थप, कालीगण्डकी स्वच्छता कार्यक्रम मार्फत दोभानमा शवदाह स्थल र बेनी खुल्ला मञ्च खेलमैदान निर्माण सकिएको छ ।

सडक बोर्डको बेनी-पुलाचौर सडक मर्मत र नगरपालिकाको अर्थुङ्गे-पुलाचौर सडक स्तरोन्नति योजनाको ८५/८५ प्रतिशत भौतिक प्रगति भएको छ । आर्थिक वर्ष २०७६/०७७ मा ठेक्का सम्झौता भएको रावण पार्क निर्माण योजनाको ९४ प्रतिशत प्रगति भएको छ । निर्माणाधिन तीन वटा योजनाको आगामी असोज महिनासम्म म्याद थप भएको नगर प्रमुख सुरत केसीले बताउनुभयो ।

नगर उपप्रमुख ज्योती लामिछानेले पिच र ढलान हुने सम्पूर्ण सडकको कोर कटिङ तथा रु पाँच लाखभन्दा बढी लागत भएका योजनाको स्थलगत अनुगमन गरिएको बताउनुभयो । रु पाँच लाखसम्म लागत अनुमान भएका योजना तथा कार्यक्रमको सम्झौता तथा अनुगमनको जिम्मेवारी वडा कार्यालय र वडास्तरीय अनुगमन समितिलाई दिइएको छ ।

योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन १, २, ३, ४, ५, ९ र १० का उपभोक्ता समितिलाई अभिमुखीकरण गरिएको थियो । कार्ययोजनाबनाएरपहिलोचौमासिकमा सर्वेक्षण, दोस्रो चौमासिकमा सम्झौता गरी कार्यान्वयनमा लगिएकाले अधिकांश योजना सम्पन्न भएकार नगर उपप्रमुख लामिछानेले बताउनुभयो ।

# कृषकको गोठको भकारो सुधार र बाख्राको खोर

पोखरापत्र संवाददाता
पर्वत, ३ साउन

महाशिलामा फर्सी, आलु, अकबरे खुर्सानी, साग, ब्रोकाउली, काउली, बन्दा, स्कुस, लौका, काक्रो, टमाटर, भिण्डी, सिमी, बोडी, फर्सिलगायतका तरकारी जन्यवस्तु उत्पादन हुने गरेको छ । महाशिला गाउँपालिकासँगको सहकार्यमा हेफर इन्टरनेशनल नेपालको सहयोगमा इन्ग्रेड नेपालले तरकारी मूल्य श्रृङ्खलामार्फत ग्रामीण महिला उद्यमहरूको प्रतिस्पर्धात्मकता बढाउने परियोजना सञ्चालन गरेको छ ।

उक्त परियोजनाबाट महाशिला गाउँपालिकाका ८७५ कृषक लाभान्वित भएको अध्यक्ष भुसालको भनाइ छ । महाशिलामा एक हजार १५० रोपनी जग्गामा व्यावसायिक तरकारी खेती गरिएको छ् । यहाँबाट गत आर्थिक वर्षमा करिब ३० टन फर्सी, १० टन तरुल बिक्रीसमेत गरिएको थियो । महाशिलाले कृषकलाई उत्पादनमा प्रोत्साहन गर्न कृषि एम्बुलेन्स र सहकारी/कृषि समूहमार्फत उत्पादित वस्तुहरूको बजारीकरणको व्यवस्थापन गर्ने भएको छ । तरकारीखेतीमा लागेका यहाँका हरेक कृषकले न्यूनतम रु दुई लाखदेखि रु १० लाखसम्म आम्दानी गर्ने गरेका छन् ।

चालु आर्थिक वर्षको कार्यक्रममा पालिकाले स्थानीय तहमा उत्पादित कृषि उपजको एकीकृत बजारको स्थापना गर्ने योजना ल्याएको छ । खसी, बोकाको मासु निर्यात गर्ने दीगो आधारको सिर्जना गर्नुका साथै व्यावसायिक दूध उत्पादनका लागि उन्नत जातको गाईपालनमा अनुदान दिने गरी बजेट व्यवस्थापन गरिएको अध्यक्ष भुसालले बताउनुभयो ।

'टोल टोलमा नर्सरीः घर घरमा करेसाबारी' कार्यक्रम सञ्चालन गर्दै कम्तीमा एउटा वडालाई फूलको वडाको रुपमा विकास गर्ने गरी पुष्पखेती कार्यक्रम सञ्चालन गरिने र वडा नं २ भोक्सिङ्गमा उत्पादन हुने आलुलाई ब्राण्डिङ गरिने भएको छ ।

पालिकाले पूर्णरुपमा कृषिमा आश्रित परिवार र व्यवसायले लिने कृषि ऋणमा लाग्ने ब्याजमा निश्चित अनुदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने र कृषि उद्यम गर्ने कृषकलाई सहुलियत ऋण प्रदान गर्ने योजना बनाएको छ ।

# मार्चे लेकमा याक र चौँरीको रगत पिउने मेला सुरु

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ साउन

यहाँको थासाङ गाउँपालिका स्थित थाक सातसय क्षेत्रको सामुहिक चरनक्षेत्र मार्चे लेकमा याक र चौँरीको आलो रगत खाने मेला सुरु भएको छ । मार्चे याक नाक कृषक समुहले बिहीबारदेखि मेला आयोजना गरेको हो ।

हिमाली तथा उच्चपहाडी जिल्लाहरूमा जिउँदो याक र चौँरीको रगत खाने मेला सदियौँदेखि परम्पराको रुपमा छ । प्राकृतिक उपचार पद्दति मध्येको एक मानिने चौँरीको आलो रगत खाँदा मानिसको पेट सम्बन्धी सम्पूर्ण रोग निको हुने जनविश्वास छ । समूद्री सतहदेखि करिब चार हजार मिटर उचाईमा अवस्थित प्राकृतिक सौन्दर्यताले भरिपूर्ण मार्चे लेकमा मार्चे याक नाक कृषक समुहका १० वटा गोठ रहेको समुहका सदस्य सोजन हिराचनले जानकारी दिनुभयो ।

हिउँदमा बेंसी र गर्मीयाममा मार्चे लेक पुऱ्याएर याक र चौँरी पालन गर्ने प्रचलन छ । मार्चे लेकमा १० घरको करिब  ८०० बढी याक तथा चौँरी छन् । यहाँ थाक सात सय क्षेत्र अन्तर्गत सौरु, सिर्खुम, लार्जुङ, नाउरिकोट र ताक्लुङलगायतका याक र चौँरी कृषकहरूको गोठ रहेका छन् ।

यो लेक निलगिरी हिमालको फेदैमा अवस्थित छ । रमणीय मार्चे बुगिनमा बर्सेनि साउन महिनामा आलो रगत पिउने मेला लाग्छ ।



हिउँदयाममा भने बेंसी सारिएका याक र चौँरी उच्चलेकमा सार्नु अघि वैशाखमा थासाङको घट्टे खोलामा आलो रगत पिउने मेला लाग्ने गर्छ ।

बर्खायाममा उच्चलेकको चरनक्षेत्रमा पर्याप्त हरियो घाँस पलाउने र उच्चलेकका याक तथा चौँरीले प्राकृतिक जडिबुटी सेवन गर्ने भएकाले रगत स्वास्थ्यवर्द्धक मानिन्छ । याक तथा चौँरीले यार्सागुम्बा, पाँच औले, निरमसी, जटामसी, सतुवा, चिची, भोलु चिया, कुरिलो, तोरा चिची, जिम्बु र बन लसुनलगायत वनस्पति खाने भएकाले याक र चौँरीको शरीरको रगतले ग्याष्ट्रिक, गानोगोला, दम, उच्च रक्तचाप, चिनि रोग र यौन शक्तिको क्षमतामा ह्रास देखिने समस्या समाधान गर्ने स्थानीय बताउँछन् ।

यसरी मेलामा रगत पिउनका लागि उल्लेख्य सङ्ख्यामा मानिसहरू आउने गरेको समुहका सदस्य सोजन हिराचनले बताउनुभयो ।

मार्चे बुगिन लेकमा दश दिनसम्म सो मेला सञ्चालन हुने जनाइएको छ । मेला सञ्चालन पूर्व गत बुधबार मार्चे लेकमा सामुहिक गोठ पुजा गरिएको मार्चे याक नाक कृषक समुहका अध्यक्ष बुद्ध गौचनले जानकारी दिनुभयो । यसवर्ष याक र चौँरीको आलो रगत प्रति गिलास २५० रुपैयाँमा बिक्री गरिएको छ । "यसवर्ष पनि विगतकाझैं चौँरीको रगत पिउने मेलाको सबै व्यवस्थापन गरिसकेका छौं, आ–आफ्ना गोठहरूमा टहरा बनाएर होटल पनि चलाएका छौं," अध्यक्ष गौचनले भन्नुभयो, "करिव तीन सय भन्दा बढी सर्वसाधारणको उपस्थिति हुने अनुमान गरिएको छ ।" मार्चे लेक पुग्न बेनी–जोमसोम मुख्य राजमार्गदेखि कालीगण्डकी पूर्व करिब तीनदेखि पाँच घण्टाको उकालो यात्रा गर्नुपर्छ । यहाँ सौरु र चिमाङबाट पनि आइपुग्न सकिने दुई वटा गोरेटो छन् ।

# सलिको इन्स्योरेन्सको वार्षिकोत्सवमा कास्कीमा वृद्धवृद्धा र अशक्तलाई भोजन

पोखरापत्र संवाददाता
पोखरा, ३ साउन

सगरमाथा लुम्बिनि इन्स्योरेन्स (सलिको) ले आफ्नो २९औ बार्षिकोत्सब बृद्धबृद्धा तथा अशक्तलाई भोजन गराएर मनाएको छ ।

बार्षिकोत्सबको अबसरमाबिहीबारएककार्यक्रमको आयोजना गरि कास्की स्थित छोरेपाटन र हेम्जामा अवस्थित मानब सेवामा आश्रममा आश्रय लिएका बृद्धवृद्धा तथा अशक्त ब्यक्तिहरु लाई भोजन गराएको पोखरा न्युरोडका शाखा प्रमुख राजेश बाबु खत्रीले जानकारी दिए । सगारमाथा लुम्बिनि इन्स्योरेन्सले सामाजिक उत्तरदायित्व अन्तरगत रक्तदान, स्थानिय स्तरमा सरसफाई सहित विभिन्न सामाजिक कार्यक्रम गर्दै आएको सलिकोले जनाएको छ । कार्यक्रमका प्रमख अतिथि



समेत रहनुभएका खत्रीले सामाजिक क्षेत्रमा गरिने कार्यक्रमलाई पहिलो प्राथमिकतामा राख्दै भविष्यमा पनि यस्ता कार्यलाई निरन्तरता दिइने बताउनुभयो । खत्रीले संस्थाको वार्षिकोत्सवलाई केवल उत्सबको रुपमा होइन, सामाजिक योगदानको अवसरको रुपमा मनन गर्दै अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे । कार्यक्रममा आश्रम संचालक तथा कर्मचारीहरुले सालिको इन्स्योरेन्स प्रति हार्दिक आभार ब्यक्त गर्दै, यस्ता सहयोहरुले बृद्धवृद्धाहरुमा आत्मवल,आत्मसम्मान र सकारात्मक भावना पैदा गर्ने विश्वास ब्यक्त गर्दै, आउँदा दिनहरुमा पनि सहयोगी हातहरु बढान आग्रह गरेका थिए । सगरमाथा र लुम्बिनी इन्स्योरेन्स कम्पनी एक आपसमा गाभिएर विगत तीन वर्ष देखि सलिको इन्स्योरेन्स कम्पनीको नाममा एकिकृत कारोबार गर्दै आएको छ ।

# हल गोरु पाल्ने २७५ किसानले पाए गाउँपालिकाको अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, ३ साउन

जिल्लाको म्याग्दे गाउँपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा हल गोरु पाल्ने २७५ कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको छ । पछिल्लो समय गोरु पाल्ने प्रचलन हराउँदै जान थालेपछि प्रतिहलगोरुलाई रु चार हजारका दरले कृषकलाई प्रोत्साहन रकम उपलब्ध गराएको हो ।

कृषकलाई प्रोत्साहन गर्न अनुदान कार्यक्रम राखिएको गाउँपालिकाका पशु सेवा उपशाखाका पशु विकास अधिकृत मुक्ति राम पौडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "गाउँपालिका मातहत रहेका सात वटा वडा कार्यालयमध्ये यस गत आवमा १ देखि ४ नम्बर वडाका उक्त सङ्ख्याका हलगोरु पाल्ने कृषकलाई अनुदान दिएका हौं, अनुदानमा रु ११ लाख खर्च भएको छ ।" उहाँका अनुसार आव २०८२/०८३ का लागि ५ देखि ७ नम्बर गरी तीन वडाका कम्तीमा ४०० हलगोरु पाल्ने कृषकलाई अनुदान दिइने योजना रहेकाले सोहीअनुरूप बजेट समेत विनियोजन गरिएको छ । गाउँपालिकाले सातवटै वडाका कृषकलाई प्रोत्साहनस्वरूप अनुदान दिँदै आएको छ । गोरु पाल्ने कृषकलाई बर्सेनि नदिई एक/एक वर्षको अन्तरालमा अनुदान दिइने गरिएको छ । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले गोरु पाल्ने प्रचलन घट्दै जाँदा खेतबारी बाँझो हुन थालेपछि जग्गा बाँझो हुन नदिन यस किसिमको कार्यक्रम ल्याइएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रोत्साहन रकमले हलगोरु पाल्ने कृषकको सङ्ख्या बढ्दै गएको छ, गोरु पाल्ने क्रम बढेसँगै खेतबारी बाँझो राख्ने पराम्परा पनि हट्दै गएको छ, कार्यक्रम प्रभावकारी समेत बन्दै गएको छ ।" गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले गोरुको प्रोत्साहनका लागि उपलब्ध गराइएको रकम गोरुको पोषणका लागि खर्च गर्न कृषकलाई सुझाव दिने गरिएको बताउनुभयो । यसरी अनुदान पाउने कृषकका गोठमा स्थलगत अनुगमन गरी गोरुलाई 'ट्यागिङ' गर्ने गरिएको सो गाउँपालिकाले जनाएको छ ।

# म्याग्दीका पशुपालक किसानलाई ३८ लाख अनुदान

पोखरापत्र संवाददाता
म्याग्दी, ३ साउन

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले आर्थिक वर्ष २०८१/८२ मा पशुपन्छी र माछापालक कृषकलाई रु ३८ लाख अनुदान वितरण गरेको छ। त्रिचालीस वटा फर्म, समूह र सहकारी संस्थाले केन्द्रले सञ्चालन गरेको आठ वटा कार्यक्रममार्फत रु ३८ लाख ७० हजार ७५ अनुदान पाएका हुन्।

केन्द्रका प्रमुख पशु विकास अधिकृत गोपाल गिरीले घाँसखेती प्रोत्साहन, दूध उत्पादन कृषकलाई उत्पादनमा आधारित, कृषि ऋणको ब्याज अनुदान, पाडापाडी हुर्काउने, बृहत्तर पशु विकास, मत्स्य पोखरी निर्माण तथा मर्मत, उपकरण र घुम्ती गोठ संरक्षणका लागि अनुदान उपलब्ध गराएको जानकारी दिनुभयो। सार्वजनिक सूचनामार्फत लाभग्राहीको आवेदन सङ्कलन, स्थलगत मूल्याङ्कन, मापदण्डको आधारमा छनोट भएका फर्म, समूह र सहकारीले कार्य सम्पन्न गरेपछि अनुदान वितरण गरिएको उहाँले बताउनुभयो।

घाँसखेती प्रोत्साहन कार्यक्रमबाट १२ वटा फर्मलाई रु चार लाख २२ हजार ७९०, नमस्ते र शुभकामना कृषि सहकारी संस्थामा आबद्ध गाईभैँसीपालक किसानलाई दूध उत्पादनमा आधारित रु नौ लाख ९९ हजार ९८० वितरण गरिएको छ। छ वटा फर्मलाई कृषि ब्याजमा रु ९९ हजार ९६०, कृत्रिम गर्भाधानबाट जन्मिएका पाडापाडी हुर्काएका १४ फर्म तथा किसानलाई रु दुई लाख २० हजार, बृहत्तर पशु विकास कार्यक्रममार्फत बेनपा-३ को बेलढुङ्गा र मङ्गला-३ को नमूना कृषक समूहले रु एक लाख ५० हजार अनुदान पाएका छन्।

तीन/तीन वटा फर्मलाई मत्स्य पोखरी निर्माण तथा मर्मतका लागि रु ८५ हजार २१५ र रु एक लाख ५८ हजार १३० तथा अन्नपूर्ण गाउँपालिका-५ को चौरी स्रोत संरक्षण तथा प्रवर्द्धन समितिलाई घुम्ती गोठ निर्माणका लागि रु तीन लाख ८४ हजार उपलब्ध गराइएको केन्द्रले जनाएको छ।

यसैगरी पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लाका वटै स्थानीय तहका कृषकले पालेका ८९ हजार ६५१ गाई, भैँसी, बाख्रा, भेडा र कुकुरलाई महामारीजन्य रोगविरुद्ध पाँच प्रकारका खोप लगाइएको केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले जानकारी दिनुभयो। दश हजार ९८१ घरधुरी कृषक लाभान्वित भएका उहाँले बताउनुभयो।

दश हजार १०८ गाई/गोरु, १६ हजार २८६ भैँसी/रागो र २८७ बङ्गुरलाई खोरेतविरुद्धको एफएमडी खोप लगाइएको छ। पाँच हजार ३३७ पशुलाई लम्पी स्किन र तीन हजार ३९७ कुकुर र बिरालोलाई रेबिजविरुद्धको खोप लगाइएको छ भने ४१ हजार ७१३ बाख्रा र ११ हजार १२९ भेडालाई पिपिआरविरुद्धको खोप लगाइएको केन्द्रका सूचना अधिकारी रेग्मीले बताउनुभयो।

# बिशाल पछाई बचाउ अभियानमा पेन्गुईनको सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३ साउन



पोखरा ५ निवासी बिशाल पछाईलाई मेरुदण्डले काम नगरेपछि ओछ्यानमै थला परेको करिब ४ बर्ष भयो। उमेरले ३१ बर्ष लागेका पिछाई केही गरौं भन्ने उमेरमा आमा र बहिनीको साहारामा बाँचिरहेका छन्।

१५ बर्ष अघि नै बाबुले छोडेर कता गए गए केही पत्तो छैन। बिहे गरेकी श्रीमती पनि श्रीमानको यो अवस्थामा साथ दिन सकिनन्। छोरा छोडेर बिदेश गईन। न त उनले पैसा पठाईन न त श्रीमान र सासुको सम्पर्कमा नै छिन्। गैडाकोटमा काम गर्दै गर्दा बिशाल लडेका थिए। कति बेला लडे कसैले थाहा पाएनन्। बिहानी पख उनलाई अस्पताल लगियो। चितवन हुँदै काठमाण्डौं सम्म उनको उपचारमा परिवारले थुप्रै धनराशी खर्च गर्यो तर पनि उनी उठ्न सकेनन्। शनिबार लायन्स क्लब अफ पोखरा पेन्गुईनले मेरुदण्डको समस्याबाट पीडित बिशाल पछाईलाई रु १७ हजार पाँच सय रुपैया आर्थिक सहयोग गरेको छ। क्लबका अध्यक्ष सुवास अंगाईले रिजन चियर पर्सन रश्मी अधिकारी भण्डारीको उपस्थितिमा उक्त रकम बिशालकी आमालाई हस्तान्तरण गरेको हो। क्लबका पूर्व अध्यक्ष ज्ञानबहादुर रानाको छोरा समिप रानाको जन्मोत्सव पारेर उक्त कार्यक्रम गरिएको क्लबका अध्यक्ष अंगाईले जानकारी दिए। क्लब स्थापना भएको पाँच बर्ष पुरा भएपनि यसले सामाजिक क्षेत्रमा धेरै उदाहरणीय काम गर्दै डिष्टिक ३२५ आईमा राम्रो स्थान बनाएको उनको दाबी छ। पूर्व अध्यक्षहरुको योगदान र क्लबका साथीहरुको सहयोगका कारण धेरै काम गर्न सहज भएको स्मरण गर्दै अंगाई भन्छन्, आज पनि समिप रानाको जन्मोत्सवको अवसरमा क्लबका सबै साथीहरुको आर्थिक सहयोगमा बिशाल पछाईलाई सहयोग गरिएको हो। आउदा दिनमा पनि लायन्स क्लबले गर्न सक्ने यस्ता सहयोगहरु जारी राख्ने उनको भनाई थियो।

बिशालको परिवारले अफै आर्थिक सहयोगको लागी अपिल गरिरहेको छ। घरमा पैसा कमाउने आमा सहकारीमा काम गर्छिन् उनको तलबले घर भाडामात्र टुपुक्क पुग्छ। बहिनीले भाटभटेनीमा काम गर्छिन्। उनको कमाईले घरमा खान समेत धौधौ छ। यो अवस्थामा बिशालको उपचार कसरी गर्ने भन्ने चिन्ता परिवारलाई बढीरहेका छ। थेरापी गर्न पाए छोरो उठेर हिड्छ की भन्ने आशामा आमा छिन् तर थेरापी गराउने ठाउँ सम्म लान र ल्याउन आवश्यक पैसा र सवारी उनसँग छैन। दिसा पिसाब नै एकै ठाउँमा हुने गरी थला परेका बिशालको यो पीडादायीक रोगको उपचारमा सहयोग गर्न परिवारले हारगुहार गरेको छ।

# ऐनापहरामा 'स्काइ वाक' सञ्चालन

पोखरापत्र संवाददाता
दमौली, ३ साउन



तनहुँको आँबुखैरेनी गाउँपालिका-२ स्थित पर्यटकीय गन्तव्यस्थल ऐनापहरामा साहसिक स्काइ वाक आजदेखि व्यावसायिक रुपमा सञ्चालनमा आएको छ।

गत जेठ दोस्रो हप्तादेखि यहाँ स्काइ वाक निर्माण सुरु गरिएको थियो। स्काइ वाकका लागि प्रतिव्यक्ति रु २५० शुल्क तोकिएको छ। ऐनापहरालाई पर्यटन हब बनाउने उद्देश्यसहित गाउँपालिकाले स्काइ वाक निर्माण गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। रु १५ लाखको लगानीमा स्काइ वाक निर्माण गरिएको हो। कूल ५० मिटर अग्लो र ५७ मिटर लामो स्काइ वाकको प्रत्येक पाइला बीचमा एक फिटको खाली स्थान राखिएको छ। उहाँले भन्नुभयो, "स्काइ वाकमा हिँड्दा हरियाली, शान्त पहरा र खुला आकाशको बीचमा एक अनौठो साहसिक अनुभव गर्न सकिनेछ। सुरक्षा उपायसहितको उच्च गुणस्तरीय निर्माण भएकाले डर मान्नुपर्ने अवस्था छैन।" यस ठाउँ पछिल्लो समय पर्यटकको आकर्षणको केन्द्र बनिरहेको रहेकाले यहाँ पूर्वाधार थप गरिएको उहाँको भनाइ छ। स्काइ वाकले यहाँको पर्यटन विकास र साहसिक गतिविधिका लागि सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। पृथ्वीराजमार्गसँगै जोडिएको यस ठाउँ पर्यटकको घुम्ने गन्तव्यको रुपमा विकास भएको छ। बिदा र शनिबार दिन यहाँ आन्तरिक पर्यटकको घुइँचो नै लाग्ने गरेको छ। शनिबार यहाँ एक हजारभन्दा बढी पर्यटकको आगमन हुने गरेको आँबुखैरेनी गाउँपालिका-२ का वडाध्यक्ष आशबहादुर गुरुङले जानकारी दिनुभयो। ढुङ्गामा विभिन्न कलात्मक आकृति कोरिएको यस ठाउँ पर्यटकको रोजाइमा परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "गाउँपालिकाले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा अगाडि बढाएको छ। राजमार्गसँगै जोडिएकाले पनि यस ठाउँ रोजाइमा पर्ने गरेको छ।" ऐनापहराबाट गाउँपालिकाले रु ६० लाखभन्दा बढी आम्दानी गरिसकेको छ। राजमार्गको नजिकै रहेको उक्त ठाउँ पर्यटकीय स्थलको रुपमा विकास भएपछि यस ठाउँलाई थप सुन्दर र आकर्षक बनाउन उद्यान निर्माण गरिएको छ। यहाँ झरना झरेको ठाउँको ढुङ्गामा गणेशको आकृति बनाइएको छ भने झरना नजिकैको ढुङ्गामा आमा र बच्चा तथा परीको आकृति बनाइएको छ। तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउडी खोलाको पानी बगेर झरनामा मिसिएको छ।

ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको जनाएको छ। यस ठाउँलाई व्यवस्थित गर्न आयोजनाको विस्तृत प्रतिवेदनअनुसार रु १० करोड बजेट आवश्यक पर्छ। प्रतिवेदनअनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ।

# तनहुँमा चैते धान प्रवर्द्धन आयोजनाबाट ११७७ मेट्रिकटन उत्पादन

पोखरापत्र संवाददाता
दमौली, ३ साउन

तनहुँमा सञ्चालन भएको चैत धान प्रवर्द्धन आयोजनामार्फत एक वर्षमा एक हजार १७७ मेट्रिकटन चैते धान उत्पादन भएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प्राथमिकतामा परेको यस कार्यक्रममार्फत् तनहुँ जिल्लामा पाँच हजार रोपनी क्षेत्रफलमा चैते धान गरिएकामा उक्त परिमाणमा धान उत्पादन भएको कृषि ज्ञान केन्द्र तनहुँले जनाएको छ। केन्द्रले १२ सहकारीमार्फत चैते धान प्रवर्द्धन आयोजना सञ्चालन गरेको थियो। कार्यक्रम सञ्चालनका लागि रु ५८ लाख ५० हजार बजेट रहेकामा रु ४२ लाख ९४ हजार खर्च भएको केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यो कार्यक्रम कृषक समूह वा सहकारीमार्फत क्लस्टरमा सञ्चालन गरिएको थियो। एउटा क्लस्टरमा कम्तीमा पनि ५० रोपनी क्षेत्रफलमा हुनुपर्ने प्रावधान राखिएको थियो।" चैते धान प्रवर्द्धन कार्यक्रममार्फत ७५ देखि ८५ प्रतिशतसम्म अनुदान प्रदान गरिएको उहाँले बताउनुभयो।

कार्यक्रममार्फत कृषकलाई आठ हजार १०० केजी बीउ, १४ मिनिटिलर, चार कम्बाइन मिल, ३२ स्प्रेयर, एक मल्टिक्रप थ्रेसर, २४६ त्रिपाल, तीन डिजिटल तराजु, २०० जुटको बोरा वितरण गरिएको छ भने ८०३ मिटर कुलो निर्माण गरिएको छ। आँबुखैरेनी गाउँपालिका-२ स्थित मिलीजुली कृषि उत्पादक सहकारी संस्थालाई रु एक लाख ९३ हजार ६२४, बन्दीपुर गाउँपालिका-३ स्थित असौबोटे प्रेम नगर अर्गानिक कृषि समूहलाई रु तीन लाख ५६ हजार चार सय ७६, व्यास नगरपालिका-८ स्थित रिस्ती मादी कृषक समूहलाई रु पाँच लाख २१ हजार २६१, व्यास नगरपालिका-९ स्थित फूलबारी कृषक समूहलाई रु एक लाख छ हजार सात सय २५, भानु नगरपालिका-४ स्थित तिलाहार कृषि सहकारी संस्थालाई रु चार लाख ७७ हजार पाँच सय ३९, भिमाद नगरपालिका-६ स्थित भिमाद साना कृषि सहकारी संस्थालाई रु दुई लाख २१ हजार २५०, म्याग्दे गाउँपालिका-४ स्थित चण्डेश्वरी फलफूल तथा तरकारी उत्पादक कृषक समूहलाई रु दुई लाख ७६ हजार ९०८ वितरण गरिएको छ। त्यस्तै, म्याग्दे गाउँपालिका-३ स्थित स्याँगेटारी कृषक समूहलाई रु तीन लाख ५५ हजार ५३९, सोही वडाको आम्बोटे कृषक समूहलाई रु तीन लाख ७६ हजार ४८६, व्यास नगरपालिका-१३ स्थित तुलसी कृषक समूहलाई रु पाँच लाख १८ हजार २४, शुक्लागण्डकी नगरपालिका-११ स्थित क्याङ्दी खोला सिर्जनशील आइपिएम कृषक समूहलाई रु तीन लाख ४८ हजार २६६ र शुक्लागण्डकी नगरपालिका-१० स्थित युनिक अभियान कृषि सहकारी संस्थालाई रु दुई लाख ४२ हजार २५० सहयोग गरिएको केन्द्रले जनाएको छ।

# उपल्लो मुस्ताङमा हिउँ चितुवापीडितलाई राहत वितरण

पोखरापत्र संवाददाता
मुस्ताङ, ३ साउन

राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), इलाका संरक्षण कार्यालय लोमान्थाङले उपल्लो मुस्ताङका हिउँ चितुवापीडित पशुपालक किसानलाई राहत वितरण गरेको छ।

एक्याप लोमान्थाङले आर्थिक वर्ष २०८१/८२ मा उपल्लो मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट पीडित किसानलाई राहत वितरण गरेको जनाएको छ। उपल्लो मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट क्षति भएका १२५ वटा पशुचौपायाको राहत स्वरुप रु ११ लाख ३५ हजार भुक्तानी गरिएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो। हिउँ चितुवाको आक्रमणबाट क्षति भएको पशुधनको ४३ प्रतिशत मात्रै राहत भुक्तानी र अफै रु २६ लाख ९४ हजार अर्थात् ५७ प्रतिशत राहत रकम वितरण गर्न बाँकी छ।

उपल्लो मुस्ताङमा आर्थिक वर्ष २०८०/०८१ मा २२ पशुधन क्षति भएको र राहत स्वरुप रु चार लाख १८ हजार र आर्थिक वर्ष २०८१/८२ मा क्षति भएको १०३ पशुधनको राहत रु २२ लाख ७६ हजार वितरण गर्न बाँकी रहेको एक्याप लोमान्थाङको भनाइ छ।

कार्यालय प्रमुख पौडेलले कार्यालयको पटक-पटक गरेका ताकेताले पनि उक्त रकम हिउँ चितुवापीडित किसानलाई राहत उपलब्ध गराउने गरी समुदायलाई हस्तान्तरण गरिएको बताउनुभयो। उहाँले वन्यजन्तुबाट क्षति भएका अन्य पशुधनको पनि केही महिनाभित्रै भुक्तानी उपलब्ध गराउने गरी कार्यालयबाट पहल भइरहेको बताउनुभयो। एक्यापले हिउँ चितुवापीडित पशुपालक किसानलाई चालु आर्थिक वर्षदेखि वन्यजन्तुबाट क्षति भएका किसानलाई लक्षित गरी मानव वन्यजन्तु द्वन्द्व (कोष) स्थापना गर्ने तयारी गरेको कार्यालय प्रमुख पौडेलको भनाइ छ। "एक्याप आफैँले मानव वन्यजन्तु द्वन्द्व कोष स्थापना गर्न लागेको छ, सरकारले तत्कालै राहत उपलब्ध गराउन नसके पनि वन्यजन्तु पीडित किसान छिटोछरितो राहत उपलब्ध गराउन कोष स्थापना हुन लागेको हो", उहाँले भन्नुभयो। सरकारले वन्यजन्तु क्षति निर्देशिका, २०८० बमोजिम पशुधन क्षति बेहोर्न बाध्य पीडित किसानलाई तोकिएको मापदण्डमा रहेर राहत उपलब्ध गराउने गरेको छ। उक्त राहत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग हुँदै एक्यापमार्फत राहत उपलब्ध गराउने गरेको कार्यालय प्रमुख पौडेलले बताउनुभयो। वन्यजन्तु क्षति निर्देशिकाअनुसार भेडाच्याङ्ग्रा क्षति भएका किसानलाई बढीमा प्रतिपशुधन रु १० हजार र प्रतिघोडा रु ६० हजारसम्म राहत दिने गरेको उहाँको भनाइ छ।

एक्यापको मातहत रहेको मुस्ताङमा वन्यजन्तु र मानवबीचको द्वन्द्वले यहाँका पशुपालक तथा किसान आहत बन्दै जान थालेका छन्। उपल्लो मुस्ताङमा हिउँ चितुवा र तल्लो मुस्ताङमा कालोभालुआदिका कारण किसान पीडित बनेका हुन्। उच्च लेकमा चरन क्षेत्रमा वन्यजन्तुको आहारको अभावका कारण वन्यजन्तु बस्ती नजिक आउन थालेपछि यो समस्या देखिएको हो। वन्यजन्तु पीडितलाई एक्यापले विभिन्न प्रक्रिया पूरा गरी वन्यजन्तु क्षतिको राहत उपलब्ध गराउँदै आइरहेको छ।

# ईनरह्वील क्लब पोखरा मिडटाउनको पदस्थापना, अध्यक्षमा यसोदा बास्तोला

पोखरापत्र संवाददाता
पोखरा, ३ साउन



ईनरह्वील क्लब पोखरा मिडटाउनको १६ औं पदस्थापना शुक्रबार सम्पन्न भएको छ।

क्लबका बर्ष २०२५-२६ का अध्यक्ष यसोदा बक्कस्तोलाको अध्यक्षतामा गठित बोर्डका पदाधिकारीहरुलाई डिष्ट्रिक ३५०का कमला श्रेष्ठले कलर र ह्यामर प्रदान गरी पदस्थापन गराउनु भयो। बोर्डको निवर्तमान अध्यक्षमा जुना थापा, उपाध्यक्षमा भावना रानाभाट, सचिवमा शान्ता घिमिरे, कोषाध्यक्षमा श्रृजना बोगटी, आईएसओमा लक्ष्मी थापा र ईडिटरमा सुमिता थापा रहनुभएको छ। कार्यक्रममा बोल्दै प्रमुख अतिथि चेयरमेन कमला श्रेष्ठले ईनरह्वीलले पछाडी परेका महिलाको पक्षमा क्रियाशिल रहन आग्रह गर्नुभयो। समारोहमा ईनरह्वील नेशनल प्रिजेन्टिभ सर्सिज पालिखे, रोटरी क्लब अफ पोखरा मिडटाउनका अध्यक्ष उपेन्द्र पौडेलले लगायतले बोलेका थिए। सो कार्यक्रममा क्यान्सर पीडित कास्की धम्पुसकी मिना बिकलाई रू ३० हजार आर्थिक सहयोग प्रदान गरिएको थियो। कार्यक्रममा निवर्तमान अध्यक्ष जुना थापा र पूर्व सचिव भावना रानाभाटले अघिल्लो बर्षको कार्यकालको बारेमा जानकारी गराउनु भएको थियो भने अध्यक्ष यसोदा बक्कास्तोलाले आगामी बर्षको योजना प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा अध्यक्ष बक्कास्तोलाको परिचय पूर्व अध्यक्ष रिता पहारीले गर्नुभएको थियो भने डिष्ट्रिक चेयरको परिचय र नबप्रेवेसी सदस्यको परिचय पूर्व अध्यक्ष सावित्री नेपालीले गर्नु भएको थियो। क्लबमा नया सदस्यको रूपमा प्रवेश गर्ने गंगा बककस्तोला, सुशिला पौडेल र सुमित्रा कोईरालालाई स्वागत गरिएको थियो। कार्यक्रममा अतिथि र क्लबमा सहयोग गर्ने ब्यक्तित्वहरुलाई मायाको चिनो र दोशल्ला ओडाएर सम्मान गरिएको थियो। कार्यक्रमको सन्चालन सचिव शान्ता घिमिरेले गर्नुभएको थियो।

# तरकारी र खसीबोका बिक्रीबाट महाशिलामा भित्रियो साढे तीन करोड

पोखरापत्र संवाददाता
पर्वत, ३ साउन

पर्वतको महाशिला गाउँपालिका किसानले तरकारी र खसीबोका बिक्री गरेर मात्रै रु साढे तीन करोड भित्र्याउन सफल भएको छ। गाउँपालिकाले कृषि तथा पशु पशुजन्य उत्पादन वृद्धि गरी नागरिकको आयस्तरमा अभिवृद्धि गर्नका लागि विभिन्न प्रोत्साहन मुलक कार्यक्रम सुरु गरेसँगै गत आर्थिक वर्षमा भण्डै रु साढे तीन करोड भित्रिएको हो।

महाशिलाका छवटै वडामा व्यावसायिक तरकारी खेती तथा बाख्रापालन गरिँदै आएको छ। पालिकाका सबै वडामा सडकको सहज पहुँच पुगेसँगै उत्पादित वस्तुको सजिलै निर्यात गर्न सकिने भएकाले एकै वर्षमा ठूलो परिमाणमा आम्दानी गर्न सफल भएको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरी भुसालले जानकारी दिनुभयो। अध्यक्ष भुसालका अनुसार गत आर्थिक वर्षमा महाशिलाबाट रु एक करोड ५० लाखको तरकारी र रु दुई करोडको खसीबोका निर्यात भएको छ। गाउँमा उत्पादित अर्गानिक र स्वस्थ्य कर हुने भन्दै ग्राहकको पहिलो रोजाइ बनेको हाल पोखराको बिरौटामा बस्दै आएका महाशिला गाउँपालिका-५ का पूर्वअध्यक्ष जीवन विक्रम उच्चैले बताउनुभयो।

महाशिलाका अध्यक्ष भुसालका अनुसार कृषकलाई व्यावसायिक कृषिमा आत्मनिर्भर बनाउनका लागि पालिकाले तरकारीमा प्रतिकिलो रु पाँच र मासुमा रु २५ अनुदान दिँदै आएको छ।